३५. पालिका अन्तर्गत संचालनमा रहेका संपूर्ण बजारलाई व्यवस्थित गरिनेछ।

३६. प्रत्येक घरमा एक घर एक धारा एक घर एक शौचालय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३७. सुत्केरी महिलाहरु लाई प्रोत्साहन स्वरुप उपाध्यक्ष कोशेली कार्यक्रम संचालनमा निरन्तरता दिईनेछ।

३८. फलफुल नर्सरी धनिका लागि बेर्ना उत्पादन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

३९. विभिन्न क्षेत्रमा उल्लेखनिय कार्य गर्ने ब्यक्तिहरुलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

४०. हिमा गाउँपालिकाबाट लोक सेवा आयोग मार्फत अधिकृत वा सो भन्दा माथिका पद धारण गर्ने विशिष्ट ब्यक्तिहरुलाई सम्मान गरिनेछ।

४१. हिमा गाउँपालिकाका सम्पूर्ण बुद्धिजिवी, शिक्षक, कर्मचारी र राजनितिक प्रबुद्ध ब्यक्तिहरुसंग विभिन्न विषयहरुमा राय, सल्लाह, सुझाव लिने कार्यलाई निरन्तरता दिईनेछ।

४२. गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागी छात्रबृति कार्यक्रम संचालन गरिनेछ।

४३. शिक्षा नीति पारित भईसकेकाले उक्त नीति कार्यान्वयनमा ल्याईनेछ।

४४. पालिका स्तरमा भवन निर्माण ईजाजत तथा घर नक्सापास मापदण्डको परामर्श लिन, पञ्च वर्षिय आवधिक योजना पि.डि.पि. तयार गर्न र आन्तरिक राजश्व (नदिजन्य पदार्थ) संकलन तथा विक्रि वितरणको विवरण तयार गर्न डि.पि.आर. आई.ई.ई. र ई. आई .ए. रिपोर्ट तयार गरी आन्तरिक राजश्व संकलन वृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

४५. यस गाउपालिका क्षेत्रभित्र संचालन हुने योजनाहरुको दिगोपनाका लागी मर्मत सम्भार कोष कार्यलाई निरन्तरता दिइनेछ ।

४६. लोक देउडा, लोक संस्कृति, परम्परागत सस्कृति जगेर्ना गर्न सास्कृतिक महोत्सवको आयोजना गरिनेछ। प्रत्येक छ/छ महिनामा पालिका स्तरिय तथा अन्तरपालिका स्तरीय खेलकुद गतिविधि संचालन गरिनेछ।

४७. निशुल्क स्वास्थ विमा कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

४८. कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सिंचाईकुलो निर्माण तथा मर्मत कार्य संचालन गरिनेछ।

४९. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक तयार गरी आधारभुत तहमा पठन पाठन कृयाकलाप संचालनमा ल्याईनेछ।

५०. ५० वर्ष देखि ५९ वर्ष सम्मका एकल पुरुषका लागी विदुर भत्ता कार्य लाई निरन्तरता दिई सामाजिक सुरक्षाको प्रत्याभुति गराईनेछ ।

५१. विद्यार्थीसंग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न शैक्षिक सुधारका कार्यक्रम संचालन गरिनुका साथै उच्च शिक्षा MBBS, Engineering, Pilot र महिला तर्फ मास्टर नर्सिङ्ग अध्ययनका लागि प्रति व्यक्ति रु.१० लाख सम्म छात्रवृत्ति प्रदान गरिनेछ।

५२. वडा नं. १, ५ र ६ को वडा कार्यालयको विस्तृत अध्ययन गरि न्यायीक समाधानको प्रयास गरिनेछ।

५३. गैर सरकारी संस्था तथा दातृनिकायहरुलाई एकद्धार प्रर्णाली मार्फत संचालन गर्न NGO Desk गठन गरी कार्यान्वयनमा ल्याईनेछ ।

५४. २०७९ साल असोज १९ गते देखि २५ गते सम्म परेको अविरल वर्षाका कारण क्षेतिग्रस्त वडा नं.१ र ३ को खेतियोग्य जमिनलाई बचाउन नदि नियन्त्रको योजना लागु गरिनेछ।

५५. पढाई मेला कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५६. सामुदायीक विद्यालयका शिक्षकहरुलाई विभिन्न किसिमको तालिमको व्यवस्था गरिनेछ ।

५७. हिमा गाउँपालिका स्थित विभिन्न युवा बाल क्लब मार्फत खेलकुद तथा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

५८. नेपाल स्काउट, रेडक्रस सोसाइटी, नेपाल नेत्र ज्योति संघ, लगायत सामाजिक संघसस्थाको सस्थागत विकासमा ध्यान पुर्‍याइनेछ ।

५९. स्वास्थ्यका लागि पिउने पानी एक विद्यालय एक कार्यक्रम संचालनमा ल्याईनेछ ।

६०. संघ र प्रदेशबाट प्राप्त योजनाहरु बोलपत्र मार्फत कार्यान्वयन गरिनेछ।

उपस्थित महानु भावहरु,

अब म आ.व. ०७९/०८० र ०८०/०८१ जेष्ठ मसान्त सम्मको यथार्थ खर्च, २०८१/०८२ तथा २०८२/०८३ को आय ब्ययको अनुमान यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

रु. हजारमा

| क्र. सं. | बजेटका श्रोतहरु | आ.ब.०७९/०८० को यथार्थ | आ.ब.०८०/०८१ को जेष्ठ मसान्त सम्मको यथार्थ | आगामी तिन आ.ब.को प्रक्षेपण | | | तिन आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | |
| १ | संघीय सरकार वित्तिय समानिकरण | ८२५०६ | ५८३६० | ८४८०० | ८४९०० | ८५५०० | ३९६०६६ |
| २ | संघीय सरकार सशर्त अनुदान | १६४४२२ | १२१७२६ | १७६०५१ | १७६१५५ | १८५००० | ८२३३५४ |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ५७४३५ | ४३३५४ | ७०२०० | ७०३०० | ८०००० | ३२१२८९ |
| ४ | संघीय सरकार विशेष अनुदान | २२६१९ | १४२१ | ८५०० | ८६०० | ८७०० | ४९८४० |
| ५ | संघीय सरकार समपुरक अनुदान | ३५३४ | १०३२ | ० | ४००० | ४१०० | १२६६६ |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ८००३ | ४२४९ | ९१३४ | ९१४० | ९१५५ | ३९६८१ |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | २१९२५ | १३८१६ | १९९७५ | १९९८० | १९९९० | ९५६८६ |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ५६७४ | ३५० | ० | १००० | १००० | ८०२४ |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ४१४८ | ० | १२००० | १३००० | १४००० | ४३१४८ |
| १० | आन्तरीक श्रोत | ३६२१६ | १८६७९ | १९०० | २१०० | २१५० | ६१०४५ |
| ११ | गैर सरकारी संस्थाहरुको कार्यक्रम | ० | ० | ११६३० | १५००० | १६००० | ४२६३० |
| | जम्मा | ४०६४८२ | २६२९८७ | ३९४१९० | ४०४१७५ | ४२५५९५ | १८९३४२९ |

